स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## चाडपर्व प्रति सम्मान गरौं

-चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्वलाई सभ्य, शिष्ट र मर्यादित रूपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौ,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



अभिनेता दयाहाङ राईका दुई फिल्म 'अञ्जिला' र 'राजागंज' एक दिनको अन्तरमा प्रदर्शनमा आएका थिए। 'अञ्जिला' फागुन २९ गते र 'राजागंज' चैत १ गतेबाट प्रदर्शन भएको थियो। यी दुई फिल्ममध्ये उनले 'राजागंज' लाई बढी कास्री च्यापेका थिए। उनको फेसबुक पोस्टहरु हेर्दा पनि त्यो प्रष्ट हुन्छ। तर, उनलाई व्यापारिक सफलता र अभिनयको प्रशंसा भने 'अञ्जिला'बाट मिलेको छ।

**आजको विचार...**



प्रकाश नेपाल

कुलमानको... (दुई पेजमा)



मंगलबार सम्पन्न तेस्रो 'नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव'मा 'समली छायामा बसी शीर्षक'को छलफलमा हरिवंशले कलाकार बिजयबरासँग आफ्नो रङ्गमञ्च र सिनेमाका नयाँ पुराना सन्दर्भको चर्चा गरे। यो महोत्सवको अन्तिम सेसन समेत थियो।

❒ वर्ष ३० ❒ अंक २४१ ❒ २०८१ चैत १४ गते बिहीबार 27 March 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### हेलिकप्टर दुर्घटना हुँदा चालकको मृत्यु

(रासस/सिन्ह्वा)

**सियोल, चैत १३**/बुधबार दक्षिण कोरियाको दक्षिणपूर्वी क्षेत्रमा आगो निभाउने क्रममा हेलिकप्टर दुर्घटना भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । योन्हाप न्युज एजेन्सीका अनुसार आगो निभाउने क्रममा हेलिकप्टर दुर्घटनाग्रस्त भएको र यसका चालकको मृत्यु भएको छ । राजधानी सियोलबाट करिब १८० किलोमिटर दक्षिणपूर्वको उइसोङको पहाडमा जङ्गलमा लागेको डढेलो निभाउने क्रममा स्थानीय समय अनुसार दिउसो करीव १२:५४ मा हेलिकप्टर दुर्घटनाग्रस्त भएको थियो । दक्षिण कोरियाको जङ्गलमा लागेको डढेलोका बुधबार मध्यान्नसम्ममा कम्तीमा १८ जनाको मृत्यु भएको एक जना वेपत्ता भएको वन सेवा अधिकारीहरूलाई उद्धृत गर्दै योन्हापले जनाएको छ । एजेन्सीका अनुसार गत शुक्रबार दक्षिण ग्योङगसाङ प्रान्तको सान्चेओङ काउन्टीबाट सुरु भएको आगो उइसोङसम्म फैलिएको छ । तीव्र हावाका कारण डढेलो अन्डोङ, चेओङसोङ, येओङयाङ र येओङडुयोकतर्फ अघि बढिरहेको र जङ्गलको छेउछाउका वस्ती जोखिममा परिरहेका छन् ।

## कुलमान बर्खास्त प्रकरण

# सदनदेखि सडकसम्म चर्कियो आन्दोलन

हाम्रा संवाददाता

**पाल्पा,** चैत १३/सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई बर्खास्त गरेपछि सदनदेखि सडकसम्म आन्दोलन चिर्किएको छ । प्रतिपक्षी दलका सांसदहरुले बुधबारको संघीय संसद्का दुवै सदनमा आन्दोलन चर्काए भने घिसिङका समर्थकहरुले प्राधिकरणको कार्यालय अगाडि सडकमा प्रदर्शन गरे ।

कुलमान-बर्खास्तीबारे प्रधानमन्त्रीले स्पष्ट जवाफ नदिएसम्म सदन चल्न नदिने भन्दै विपक्षी दलहरूले प्रतिनिधिसभा र राष्ट्रिय सभा बैंठक नै अवरोध गरेका हुन् । निरन्तरको अवरोधपछि प्रतिनिधिसभा बैठक बिहीबार बिहान ११ बजेसम्मका लागि स्थगित भएको छ । विपक्षी दलहरूले बैठक अवरोध गरेपछि सुरुमा आधा घण्टाका लागि बैठक स्थगित गरिएको थियो । उक्त समयमा पनि बैठक सुरु हुन नसकेपछि संघीय संसद्रुका महासचिव पद्मप्रसाद पाण्डेयले सूचना जारी गरी ३ बजेसम्मका लागि बैठक स्थगित गरिएको जानकारी दिएका



थिए । विपक्षी दलहरूले प्रधानमन्त्रीको जवाफ माग गर्दै प्रतिनिधिसभाको बैठक अवरुद्ध पारेका हुन् । बुधबार बिहान ११ बजेका लागि बोलाएको बैठक ढिला गरी सुरु भएकोमा सुरुवातमै विपक्षी दलहरूले उठेर विरोध जनाएका थिए । त्यसपछि सभामुख देवराज घिमिरेले नेकपा (माओवादी केन्द्र) का सांसद शक्तिबहादुर बस्नेतलाई बोल्ने समय दिएका थिए । सांसद बस्नेतले परिवर्तित परिस्थितिप्रति सरकार बेखबर भएर स्वार्थ समूह एवं विचौलियाको हितमा लागि परेर नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई हटाएको बताए । विपक्षी दलहरूले निरन्तर अवरोध गरेपछि सभा सञ्चालनका लागि वातावरण बनाउन सभामुख घिमिरेले सांसदलाई पटक पटक आग्रह गरे पनि विधिसम्मत ढंगबाट सहयोग नभएपछि सभा सञ्चालन हुन नसक्ने सभामुख घिमिरेले सांसदहरूलाई जानकारी गराएका थिए । यस्तै राष्ट्रियसभाको बैठक पनि सुरु हुनासाथ विपक्षी दलका सांसदहरु आ-आफ्नो आसनमा उभिएर विरोध जनाएका थिए । राष्ट्रियसभामा माओवादी केन्द्रका गोपीशर्मा अछामीले सरकारले विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिंगलाई हटाइएकोमा बिरोध गरे । प्रधानमन्त्रीले स्पष्टिकरण नदिएसम्म सदन नचलाउन आग्रह गरे । लोडसेडिंग अन्त्य गर्ने घिसिंगलाई पुरस्कृत गरिनुपर्नेमा दण्डित गरिएकोमा उनले आपत्ति जनाए । निरन्तर अवरोधका कारण दिउँसो सवा १ बजे बोलाइएको बैठक कार्यसूचीमा पर्न सकेको थिएन । आधा घण्टाका लागि स्थगित बैठक बस्न सकेन । दोस्रो बैठक दिउँसो पौने ४ बजे बस्ने तय भएको थियो । तर, यो बैठकमा पनि विपक्षीले अवरोध कायमै राखे । त्यसपछि राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहालले अर्को बैठक बिहीबार मध्यान्ह सवा १२ बजे बस्ने गरी बैठक स्थगित गरे । यस्तै कुलमान हटाएको विरोधमा सरकारविरुद्ध बुधबार पनि रत्नपार्कस्थित प्राधिकरणको कार्यालय अगाडि विभिन्न समूहले प्रदर्शन गरे । प्रदर्शनका क्रममा घिसिङका समर्थक र प्रहरीबीच घम्साघम्सी समेत भएको थियो ।

सरकारले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई नियुक्त गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद्ले उक्त पदमा रहेका कुलमान घिसिङलाई हटाउँदै शाक्यलाई नियुक्त गरेको हो । सरकारले घिसिङको काम सन्तोषजनक नभएको ठहर गर्दै चैत ११ गते पदबाट हटाउने निर्णय गरेको थियो । कुलमानलाई हटाउनु गलत भएको भन्दै सदन र सडकबाट सरकारको विरोध भइरहेको छ ।

## आज विश्व रङ्गमञ्च दिवस मनाइँदै




**पाल्पा,** चैत १३/आज विश्व रङ्गमञ्च दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै छ । समाजका विकृति-विसङ्गतिलाई हटाउन नाटकमार्फत उत्प्रेरणा जगाउने उद्देश्यले हरेक वर्षको मार्च २७ तारिखमा यो दिवस मनाउने गरिएको हो ।

सन् १९६१ मा अन्तर्राष्ट्रिय रङ्गमञ्च इन्स्टिच्युटले यो दिवसको अवधारणा ल्याएपछि हरेक वर्षको मार्च २७ मा विश्व रङ्गमञ्च दिवस मनाउन थालिएको पाइन्छ । सन् १९६२ मा पहिलो विश्व रङ्गमञ्च दिवसको सन्देश फ्रान्सका प्रसिद्ध नाटकार जेन ककटेउले लेखेका थिए । केही वर्षयता नेपालमा रङ्गमञ्चप्रति आकर्षण बढ्दै गएको पाइएको छ । रंगकर्मीका रूपमा उदाएका कलाकार अहिले फिल्ममा सर्वाधिक खोजिने अनुहारसमेत बनेका छन् । यद्यपि, रङ्गमञ्च भने अहिले पनि अभिनय सिक्ने मन्च रूपमा मात्र चिनिन्छ ।

फिल्ममा सशक्त अभिनय गर्नुपर्ने भूमिका हुँदा प्राय: नाटकमा अभिनय गर्ने नाट्यकर्मी खोजिन्छ कला जीवनको महत्वपूर्ण पक्ष हो । यसले समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्छ । त्यसैले समाज बदल्न कलात्मक गतिविधिको महत्वपूर्ण भूमिका रहँदै आएको छ ।

## पाल्पामा रुखबाट लडेर पुरुष र गुल्मीमा करेन्ट लाग्दा महिलाको मृत्यु

**पाल्पा,** चैत १३/पाल्पा र गुल्मीमा भएका छुट्टाछुट्टै घटनामा दुई जनाको मृत्यु भएको छ । पाल्पाको बगनासकालीमा रुखबाट लडेर एक पुरुष र गुल्मीको मुसिकोटमा करेन्ट लागेर एक महिलाको मृत्यु भएको हो ।

पाल्पाको बगनासकाली गाउँपालिका -७ खानीगाउँमा घाँस काट्ने क्रममा रुखबाट लडेर ४५ वर्षीय कमल प्रसाद भट्टराईको रुखबाट लडेर बुधबार विहान मृत्यु भएको छ । भट्टराई आफ्नै घरदेखी तीन सय मिटर पूर्वतर्फ बारीमा रहेको साजको रुखमा चढी घाँस काट्ने क्रममा अचानक रुखबाट खसेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए । उनका अनुसार भट्टराई रुखबाट खसेको स्थानीयले जानकारी गराए लगत्तै



स्थानीय प्रहरी चौकी गाप्टुङ र जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले प्रारम्भिक अनुसन्धान गर्दा घटनास्थलमै मृत्यु भएको पाइएको छ । उनी विहानै घरबाट घाँस काट्न भनि निस्किएका थिए । घर अबेरसम्म नआएपछि परिवार र छिमेकीले बारीमा हेर्न जाँदा लडेको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए । अहिले भट्टराईको शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल पाल्पा पठाईएको प्रहरीले जनाइएको छ । घटनाको अनुसन्धान भइरहेको छ ।

यस्तै बाँदर धपाउनका लागि राखिएको बिजुलीको तारबाट करेन्ट लागेर गुल्मीको मुसिकोट नगरपालिका-७ पल्टारकी ६० वर्षीया चन्द्रकला कुमालको मृत्यु भएको छ । मृतक कुमालका श्रीमान् कर्णबहादुरले बाँदर धपाउनका लागि आफ्नै बारीमा विद्युत्को तार जोडेको र काम गर्ने क्रममा चन्द्रकलालाई करेन्ट लागेको प्रहरीले जनाएको छ । करेन्ट लागेर घाइते भएकी उनलाई लुम्बिनी वामी हस्पिटल मुसिकोटमा पुऱ्याइएकोमा अस्पतालले मृत घोषणा गरेको थियो । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## सरकारमा बस्नेहरु गम्भीर बन

मुलुकमा देशका दुई ठूला राजनीतिक दलहरु मिलेर सरकार गठन भएको छ । शक्तिशाली दलहरु मिलेर बनेको सरकारबाट जनताले धेरै ठूलो अपेक्षा गरेका थिए । तर जनताको अपेक्षा अनुसार सरकारले काम गर्न सकेको छैन् । अझै पनि देशका दुरदराजका नागरिकहरुले सिटामोल र जीवनजल नपाएर अकालमा मर्नुपर्ने अवस्था छ । महँगीले सर्वसाधारण नागरिकहरु प्रताडित छन् । तर सरकारमा बस्नेहरुलाई नागरिकको पीडा प्रति कत्ति पनि चासो छैन् । यो अत्यन्त दुखको कुरा हो । सरकार जनताको अभिभावक हो । जनतालाई दुख पर्दा अभिभावको भूमिका सरकारले खेल्नुपर्ने हो, तर त्यसतर्फ एकरत्ति पनि ध्यान जान सकिरहेको छैन । बरु नचाहिने कामहरुमा सरकारले समय बेतित गरिरहेको छ ।

अहिले मुलुकमा अधिकांश जनताले सरकार नै नभएको अनुभूति गरिरहेका छन् । यस्तो अवस्था कहिलेसम्म रहला ? कतै यही दुःखद अवस्था रहिरहेमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था नै धरापमा पर्ने त होइन ? गम्भीर चिन्ताको विषय भएको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाउने निर्णयले पनि सरकारमा बस्नेहरु कति जिम्मेवार र गम्भीर छन् भन्ने कुरा प्रष्ट हुन्छ । उनीहरु जनताप्रति अलिकति पनि जिम्मेवार र गम्भीर बन्न सकेको पाइँदैन । जनताको नजरमा लोकप्रिय बनेका घिसिङलाई अहिल्यै नहटाई नहुने केही थिएन् । जुन पृष्ठभूमिमा यो सरकार गठन भयो, त्यसका आधारमा भन्दा यस्तो कार्यशैली जनतामाथि धोका हो । यही कारणले नै सरकार प्राविधिक रुपमा बलियो भए पनि औचित्यको संकट झेलिरहेको छ । जुन धागोले सरकार सञ्चालक मात्र होइन, देशका आमनागरिकको पनि सास थुनिएको अनुभूत भइरहेको छ । सरकार गैरजिम्मेवार गतिविधिले आमजनतामा निराशा र आक्रोश चुलिन पुगेको छ । यस्तै हो भने जनताले अब विकल्प खोज्नेछन् र पुराना राजनीतिक दल र नेताहरुलाई पत्तासाफ पारिदिन पनि सक्छन् । तसर्थ सरकारमा बस्नेहरु जिम्मेवार र गम्भीर भएर जनताका हितमा काम गर्न जरुरी छ ।

### Opinion @ Social Network

हरेक उदास पछिको कारण प्रेम हुँदैन
अध्यारो भविष्य जिम्मेवारी र असफलताले पनि मानिसलाई रुवाउने गर्दछ ।
*(सुवास धामीको फेसबुक स्टाटस https://www.facebook.com/SSubash.Dhami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कुलमानको बर्खास्त : आन्दोलनलाई बल



प्रकाश नेपाल
prakashnepal014@gmail.com

सत्ताको रापमा कुलमान घिसिङलाई फाली हाले ओली कमरेडले । पटक-पटक तड्पाएर अन्तत:विद्युत् प्राधिकरणको प्रमुखबाट घिसिङ्लाई हटाइएको छ । कुलमानको पदावधि करिब ५ महिना थियो । त्यतिका समयसम्म सरकारले पर्खन सकेनन् । कुलमानले नोक्सानमा गएको विद्युत प्राविधीकरणलाई शुद्ध नाफामा ल्याएका थिए । वर्षौंसम्म प्राविधिकालाई धमिराले जस्तै खाएका मिटर रिडरको समेत सात्तो खाने सपुत थिए उनी । उनी पनि विद्युत प्राविधीकरणको कर्मचारी नै थिए । कर्मचारीहरु मध्ये तत्कालिन जनार्दन शर्माले उनलाई त्यहाँ ल्याएका थिए । उनी आउनुभन्दा अगाडि हामी दैनिक १८ घण्टा अध्यारोमा बसेकै हो । उनले एकाएक नियम बनाएर लोडसेडिङ्गलाई मुक्त बनाएको माफियाहरुलाई मन परेको थिएन् ।

सरकार काँग्रेस एमालेको छ । पार्टीको नेतृत्वमा रहेका के.पी ओली प्रधानमन्त्री छन् । काँग्रेसको नेतृत्व शेरबहादुर देउवा अबको केही महिनापछि प्रधानमन्त्री बन्ने क्रममा छन् तर दुवै जना माफियाबाट सञ्चालित रहेछन् भन्ने प्रमाणित त यस प्रकरणबाट भएको छ । सर्वसाधारणलाई विद्युत आपुर्तीमा सास्ती दिएर माडवारीद्वारा सञ्चालित उद्योगमा दिएको विद्युतको महसुलको शुक्ल उठाउनेतर्फ ताकेता गर्दा उनी पदच्युत हुनु पर्‍यो । देउवा ओलीको असली चेहरा यो प्रकरणले उदाङ्गो पार्‍यो । आमजनतालाई १८ घण्टा अध्यारोबाट मुक्त गरी लोकप्रियता कमाएका कुलमानलाई यस अगाडि ओलीले हटाएर आफ्नै नजिकको नाता पर्ने हितेन्द्रदेव शाक्यलाई नियुक्ती गरेका थिए । सरकारको नियुक्ती परिवर्तन हुँदा पुन: कुलमानलाई नै पुष्पकमल दाहालको नेतृत्वको सरकारले पुनवहाली गर्‍यो ।

विद्युत प्राविधिकरणमा हुने अनियमिता देखि ट्रन्सफर्मर खरिद प्रकरणमा हुने कमिसनको खेल सदाको लागि उनले बन्द गराउँदा तस्कर तथा माफिया समूहलाई ज्वरो नै आएको थियो । आज त्यही तस्करको समूहमा परेका ओलीको पालो आफ्नै नातेदार भयो । यो स्वयात्त संस्था हो । उत्पादन वितरण र प्रसारणको क्षेत्रमा यसको पुर्णरुपमा एकाधिकार हुने भएका कारण यो निकायलाई कमजोर बनाउन ओली समूह सरकारमा आएपछि कुलमानलाई मानसिक यातना दिने क्रियाकलाप नै भयो । तस्करका मुख्य नायक ओली देउवाले उर्जा मन्त्रीलाई राम्रोसँग उपयोग गरे । संस्थागत भन्दा व्यक्तिगत प्रेरित देउवा-ओलीको सरकारमा सहभागी सदस्य मध्य कुलमानलाई हटाउने प्रस्ताव माथि प्रस्ताव त उर्जा मन्त्रीसँग देउवा पत्नीले मात्र हो । ओली त्यस प्रकरणमा खुसी नै थिए । ओली निकट ठानिने अर्थ मन्त्री, देउवा निकट ठानिने गृहमन्त्रीले आलोचना मात्र गरेनन् प्रतिवाद समेत गरे तर उनीहरुको केही चलेन । यस प्रकरणले घामको राप र तापसँग डढेलो लागेर आफैलाई खरानी गराउला भन्ने हेक्का सम्म राखेनन् । अब दुवै जनालाई खरानी नै बनाउने भयो । सरकारको असफलतासँग व्यवस्था र साशन प्रणाली माथि प्रश्न चिन्ह उठेको छ । हुन त वर्तमान साशन प्रणाली अनुरुप ओली नै गणतन्त्रको अन्तिम प्रधानमन्त्री पनि हुन सक्छन् । जब कुलमानको ठाउँमा हितेन्द्र भन्ने क्याविनेटबाट निर्णय भयो । सामाजिक सञ्जालमा प्रतिक्रियाहरु आउन लागे । कुलमान त जन जनको मनमा बस्न सफल भएका व्यक्ति थिए । ओलीका हली बाहेक सबैले यो निणर्यप्रति खेद गरेका छन् । यो प्रकरणले सरकारले जनमतको अपमान गरेको काँग्रेस एमालेका कार्यकर्तादेखि नेतासम्मका व्यक्तिले दिएको प्रतिक्रिया हो । नयाँ-नयाँ विद्युत परियोजनामा अरबौंको कमिसनको खेल हुने भएकाले यो कदम चालेका हुन् । ठेक्का प्रक्रियाका सवालमा वर्तमान उर्जामन्त्री फसी सकेका छन् । उनी एक दिन आशा गर्‍यौ कानुनी कठघरामा उभिने छन् । दुई ठूला विद्युत आयोजना निर्माणमा पार्टी नेतृत्व र सरकार नेतृत्वको परामर्शमा बिना प्रतिस्पर्धा बिना २ वटा निर्माण कम्पनीलाई ठेक्का दिएको प्रकरण बाहिरीएको छ । वर्तमान उर्जा मन्त्री उर्जासँग सम्वन्धित ठेकेदार नै हुन त्यसले गर्दा उनले कमिसनको प्रलोभनमा यस्ता क्रियाकलाप अगाडि बढाएका पनि हुन् । यस्ता क्रियाकलापका कारण दलका नेता भ्रष्ट तस्कर भए । भ्रष्ट तस्करमा आवद्ध भएका व्यक्ति जेल जानुको सट्टामा प्रधानमन्त्री मन्त्री बन्ने खेल भएका कारण आम जनताले राजनीतिमा नयाँनयाँ पार्टीका अनुहार हेर्दै अब पुन: राज संस्था नै बोलाउन पनि सक्दछन् । पुराना दलमा राम्रा र इमान्दार नेता पनि नभएको होइन तर इमान्दारले अब नेपालमा अवसर पाउनै छाडे । अब मुलुकलाई भ्रष्टहरुको पनि अति भ्रष्टले सञ्चालन गर्नेछ । सोमबार क्याविनेटबाट निर्णय भयो मंगलबारबाट सत्तामा सामेल काँग्रेसको भातृ संगठन सरकारको यो निर्णय विरुद्ध सडकमा आउन थाले ।

पाकीस्थानमा भुट्टोलाई फासी दिएको विरुद्धमा पाकिस्थानी राजदुतावासमा ज्ञापन पत्र बुझाउन गएका विद्यार्थी माथि प्रहरीले दमन गर्दा सल्किएको आगो निभाउन राजा विरेन्द्रले जनमत संग्रहको घोषणा गर्नु परेको थियो । कतै कुलमान र हितेन्द्र प्रकरणले २०३६ सालको प्रकरण भयो भने ओलीसँगै देउवा पनि राजनैतिक जीवनबाट अस्ताउने बाटोमा नपुग्लान भनेर भन्न सकिदैन । १५ गते सडकमा प्रर्दशनको कार्यक्रममा कुलमान विषयले प्रवेश पाउने छ । कुलमानको समर्थनमा जनलहर अत्यन्तै बलियो देखियो । त्यसले गर्दा सरकारको विरुद्धमा हुने प्रर्दशन, आन्दोलनमा जनजनको साथ सहयोग गर्दा भोलिका दिनमा आन्दोलनको स्वरुप परिवर्तन नहोला भनेर भन्न सकिदैन । आन्दोलनको नेतृत्व एउटा बाटोबाट दुर्गा पसाईले गरेका छन् भने अर्कोतर्फ राष्ट्रिय प्रजातन्त्र पार्टीले गरी रहँदा केही स्वतन्त्र तथा नागरिक समाजका अगुवा, सहितको एउटा जमातले वर्तमान साशन प्रणालीका विरुद्धमा गतिलोसँग मल जल राखी आन्दोलनलाई थपउचाइमा पुर्‍याउन खोजेको समयमा सरकारले यस्तो निर्णय गरेको कारण आगोमा घिउ राख्ने काम हुनेछ । अब ओली र देउवाको कारण हजारौ जनताको बलीदानबाट युगौको प्रयासबाट प्राप्त उपलब्धी फेरी गुम्नेछ । ***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

*कुलमानले नोक्सानमा गएको विद्युत प्राविधीकरणलाई शुद्ध नाफामा ल्याएका थिए । वर्षौंसम्म प्राविधिकालाई धमिराले जस्तै खाएका मिटर रिडरको समेत सात्तो खाने सपुत थिए उनी । उनी पनि विद्युत प्राविधीकरणको कर्मचारी नै थिए । कर्मचारीहरु मध्ये तत्कालिन जनार्दन शर्माले उनलाई त्यहाँ ल्याएका थिए । उनी आउनुभन्दा अगाडि हामी दैनिक १८ घण्टा अध्यारोमा बसेकै हो । उनले एकाएक नियम बनाएर लोडसेडिङ्गलाई मुक्त बनाएको माफियाहरुलाई मन परेको थिएन् । सरकार काँग्रेस एमालेको छ । पार्टीको नेतृत्वमा रहेका के.पी ओली प्रधानमन्त्री छन् । काँग्रेसको नेतृत्व शेरबहादुर देउवा अबको केही महिनापछि प्रधानमन्त्री बन्ने क्रममा छन् तर दुवै जना माफियाबाट सञ्चालित रहेछन् भन्ने प्रमाणित त यस प्रकरणबाट भएको छ । सर्वसाधारणलाई विद्युत आपुर्तीमा सास्ती दिएर माडवारीद्वारा सञ्चालित उद्योगमा दिएको विद्युतको महसुलको शुक्ल उठाउनेतर्फ ताकेता गर्दा उनी पदच्युत हुनु पर्‍यो । देउवा ओलीको असली चेहरा यो प्रकरणले उदाङ्गो पार्‍यो । आमजनतालाई १८ घण्टा अध्यारोबाट मुक्त गरी लोकप्रियता कमाएका कुलमानलाई यस अगाडि ओलीले हटाएर आफ्नै नजिकको नाता पर्ने हितेन्द्रदेव शाक्यलाई नियुक्ती गरेका थिए । सरकारको नियुक्ती परिवर्तन हुँदा पुन: कुलमानलाई नै पुष्पकमल दाहालको नेतृत्वको सरकारले पुनवहाली गर्‍यो ।*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : भेटघाटले उत्साह जगाउनेछ। कीर्तिमान काम गर्ने समय रहेको छ। | **तुला** : भोजनको आनन्द मिल्नेछ। लोकाचार को पछि लाग्दा धन खर्चमा वृद्धि हुनेछ। |
| **वृष** : कार्यक्षेत्रमा भाग्यको साथ मिल्नेछ । नयाँ कार्य प्रारम्भ गर्दा सफलता मिल्नेछ। | **वृश्चिक**: योजनाहरू कार्यान्वित गर्न सक्नुहुनेछ।शत्रुहरू आफै किनारा लाग्नेछन्। |
| **मिथुन** : बोलिको विपरीत अर्थ लाग्नेछ। पुराना कुरालाई लिएर मनमुटाव हुन सक्ला। | **धनु** :योजनाहरू अधुरो रहलान्। आफन्तहरूबाट सोचेजस्तो सहयोग नपाइएला। |
| **कर्कट**: आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। नयाँ कार्यतर्फ अग्रसर भइनेछ। | **मकर** : प्रतिष्ठित कार्य गर्ने समय रहेको छ।नयाँ कार्यतर्फ रुचि बढ्नेछ। |
| **सिंह** : रोकिएको कार्य पनि सम्पादन हुनेछ। शरीरमा कमजोरी अनुभूति हुनेछ। | **कुम्भ** : ऊर्जाले मनोबल उच्च रहनेछ। सामाजिक कार्य गर्ने अवसर मिल्नेछ। |
| **कन्या** : राम्रो उपलब्धि हात पार्न सफल भइनेछ। शत्रु सजिलै पराजित गर्न सकिनेछ। | **मीन** : सहकार्यबाट लाभ मिल्नेछ। शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ। |




कथा ● विमल लामिछाने

# गणतन्त्रमा लतारिएको 'सेते दमाई'

पाखा गाउँका दमाई अन्तरेको माइलो छोरो हुन् सेते । 'सेते माइलो' भनेपछि गाउँमा नचिन्ने कोहि थिएन । गाउँका युवामध्ये सबैभन्दा हक्की र बलिया थिए सेते दमाई । एसएलसी पास गरे पनि पढाइलाई बिचैमा छाडेर माओवादीले सञ्चालन गरेको क्रान्तिमा होमिएका थिए । क्रान्तिमा छिरेकै दिन सेतेको नाम फेरिएर सित्तल भयो । अब उनी कमरेड सित्तल भनेर चिनिन थाले । कमरेड सित्तलको बुझाइमा चालु शिक्षा बुर्जुवा भइसकेको थियो, 'जात र छुवाछुत भन्ने नै हुँदैन, केवल दुईजात हुन्छ एउटा पुरुष अर्को महिला । बुर्जुवा शिक्षाको कामै छैन । अब क्रान्तिबाटमात्रै शिक्षामा आमूल परिवर्तन गर्न सकिन्छ । पुरानोको ध्वस्त नगरी नयाँको निर्माण हुँदैन । विज्ञानले यही भन्छ ।' उनका कमरेड्ली तर्कका सामू अरुको स्वर सानो र फिका हुन्थ्यो र उनका अघि प्रश्नपनि एकाएक दविएर सुस्ताउन बाध्य हुन्थ्यो । स्कुल, गाविस भवन, पुराना चौकीका अवशेषहरु जलाउँने आदेश नै थियो । झोलुंगे पुल, विद्युतगृह र पानीको कुलो भत्काएर नयाँ निर्माणमा जुट्न निर्देश थियो । गाउँले सबैलाई उर्दी गरेर बाटो घाटो पनि खनाउँथे । साइसुत्त एकदुईहप्ता हराउँथे गाउँबाट अनि फर्किदा सेनाको जस्तै देखिने बर्दीमा दुईचारजना अघिपछि लाएर निस्किन्थे । कमरेड सित्तल भनेपछि गाउँनै थरर हुन्थ्यो त्यो बेला । त्रासले हो कि मायाले हो सबैले बोलाई बोलाई खाना खुवाउँथे र बास दिएर लुकाउँथे पनि । बेला बेलामा जनमुत्ती सेनाको ठूलो हुल लिएर निस्कन्थे । सित्तललाई सबैले कमाण्डर कमरेड भनेर सम्बोधन गर्थे । टिमभित्र कतै मतान्तर र विवाद भइहाल्यो भनेपनि टाक्क टुक्क मिलाइहाल्थे । गाउँमा हुने सीमाना र घरायसी झै झगडाहरुपनि सित्तलको उपश्थितिसँगै मिलाप र निकासको बाटो खोज्दै समाधान भएर निस्कन्थे । बडो रवाफ थियो उनको । उनीहरु जस्ता हजारौ योद्धाहरुकै त्याग र वलिदानबाट प्राप्त भएको गणतन्त्रले धेरैले भेगेको व्यथा र यथार्थ कथा बोकेको, बोलेको र चित्रण गरेको छ । यसमध्ये यस कथाका पात्रहरु सित्तल र वर्षाको कथा यसरी शुरु हुन्छ । 'सित्तल र वर्षा धेरै पटक मोर्चा लडिसकेका योद्धा हुन् । तर काम विशेषले भूगोल फरक थियो भेटघाट र चिनजान थिएन । भूमिगत कालमा सेल्टर लिने क्रममा सित्तलको कमरेड वर्षासँग भेट भयो । सित्तलले भेट्दा वर्षा घाइते थिइन्, उनको शरिर गोलीका छर्राले छियाछिया बनाएको थियो । वर्षा विवाहित महिला हुन् । उनको युद्धमोर्चामै रमेशसँग विवाह भएको थियो । भर्खरै युद्धमोर्चामै श्रीमान रमेशलाई गुमाएर आफूपनि घाइते भएकी रहिछन् । श्रीमान सहिद भएपछि र उनीपनि घाइते भएपछि स्वास्थ्य सुधार नभएसम्म स्थानीय पार्टीको जिम्मामा छाडिएको र पार्टीले तोकेको सेल्टरमा रहन भनिएको रहेछ । सित्तल वर्षासँग निकै बेर गफिए र वर्षालाई आवश्यक ब्यवस्थापन मिलाएर फर्किए । वर्षालाई भेट्न सित्तल गइरहन्थे, एकदिन वर्षाको सेल्टरदेखि माथिको बजारमा सेना आएको खवर आयो । सित्तल हस्याङ फस्याङ गर्दै वर्षा भएको ठाउँ पुगे, वर्षा, सेना नजिक आइसकेको छ, माथि बजारमा आइसकेको खवर आयो यहाँबाट हामी भाग्नुपर्छ, लागौ छिटो गर.. । सित्तलको कुरा सुनेपछि वर्षामा डरको पारो बढ्यो । हतार हतार गर्दै लुगाको झोला बोकेर ओरालो लागे । घाइते शरिरकी वर्षा दुईकान्ला तल नपुग्दै उनी बसेको सेल्टरमा सेनाको टोली आइपुगेछ । खोजतलास गर्यो । उनीहरु त्यहाँबाट भर्खरै भागेको कुरा पत्ता लागिहाल्यो । अनि अन्धाधुन्ध गोलीको वर्षा भयो । वर्षा र सित्तलका टाउका माथि -माथि गोली वर्षिन थाले, त्रास अझै बढ्दै गयो । उनले घाइते शरिर दौडाउन सकिनन् । सित्तलले वर्षाको हात समातेर हतेर्दै भाग्दैथिए । वर्षा ऐया मरेँ... भन्दै भूँइमा पछारिन पुगिन् । वर्षालाई पाखुरामा गोली लागेछ । उपाय केही नभएपछि सित्तलले उनलाई पिठ्यौमा बोकेर बारीका डिलका आड लिँदै र कान्लाका बुट्यानहरुमा लुक्दै निष्पट्ट जंगलतर्फ छिरे । घाइते वर्षाको रगतले सित्तलको शरिर पुरै भिजेको थियो । बल्लतल्ल तल खोल्सीसम्म पुगेर ज्यान जोगाए । तर वर्षाको हालत खराव भइसकेको थियो । उच्च चेहराका हक्की र हेन्डसम थिए । विवाह भएको थिएन । वर्षापनि शायद बाइस, पच्चीसकी हुँदिहुन् । साहैं राम्री, चन्द्रमा झैं उज्याली । घाइते शरिर भएपनि फुल्न लागेको गुलाब झैं अनुपम थियो उनको रुप । क्षमता र गुणमा पनि तिख्खर र सहनशिल थिइन् उनी । वर्षाको मनमा सित्तलप्रति कति माया थियो या थिएन, देखाइनन् । तर सित्तलको मनमा भने वर्षाप्रतिको माया र सदभाव झाँगिदै गएको थियो । कामुकताको आकर्षण भन्दापनि भावुकताको सामिप्यता बढ्दै गएको थियो । सित्तलका हरेक प्रश्तुती र उपशिथतिका दृष्यहरुले वर्षाको मनपनि भित्रभित्रै सित्तलप्रति पग्लिँदै गएको थियो । आफू घाइते भएर छट्पटाइरहेको पीडादायी अवस्थामा सित्तलले देखाएको आत्मैदेखिको हार्दिकता, कमरेड्ली भाव र सहयोगले वर्षालाई सित्तलप्रति लचिलो बन्न उत्प्रेरित गरिरहेको थियो । त्यही बेला सित्तलले वर्षालाई मन पराएको भाव प्रश्तुत गरे । यस अघि कहिल्यै भन्न नसकेको कुरा सित्तलको मुखबाट यादै निस्कँदा वर्षाले केही जवाफ दिन सकिनन् । सित्तलले युद्धमा बचेको वर्षाको एउटा हात च्याप्प समातेर आँखा चिम्म गरेर भने, 'वर्षा ! आई लव यू, म तिमीलाई फदयदेखि नै चाहन्छु, माया गर्छु ! बाचुन्जेल साथ दिन चाहन्छु । जीविकाका लागि अनेकौं काम सुरु गरे । उनीहरुसँग न त राम्रो शैक्षिक योग्यता थियो न त पुँजी नै । उनीहरु त थिए केवल सफल लडाकु । त्यसैले बिना पुँजीको काम सुरु गरे । ठेला चटपटे, चिया पसलदेखि जग्गा दलालसम्म । गीटी र बालुवाको ठेक्कापट्टादेखि मेनपावर एजेन्टसम्म । तर हरेक ठाउँमा उनीहरुलाई सफलता हात लाग्न सकेन । गणतन्त्रको खुला परिवेशमा न त सित्तलको बलिष्ठ पाखुरा काम लाग्यो न त चर्को क्रान्तिकारी भाषण नै । मलाई बिस्वास गर । जब सम्म तिमो फदयमा मेरो नामको प्रेम अंकुरित हुने छैन तब सम्म म तिम्रो पर्खाइमा रहनेछु । वर्षा !' वा कति मजाको जिन्दगी थिनीहरुको, मनमनमा गम्दै बजार घुम्दैथिए, बाटा किनारमा उनलाई अचानक एउटा मालबाहक गाडीले ठक्कर दियो । होस् खुल्दा अस्पतालको वेडमा रहेछन् । उनको एकहात र एक खुट्टा नै गुमेको रहेछ । पटक पटकको युद्धमा घाइतेसम्म नभएको मेरो हाल र र खुट्टा अहिले यहाँ आएर गुमाउँनुपर्यो । अस्पतालको बेडमा छटपटाउँदै क्यामराको रिल घुमेझै विगत सम्झिए, घर परिवार सम्झिए । मनभरी वर्षाको संझना आइरह्यो । मन कुँडिन्छ, तरक्क आँशु झर्छन् । आफैले लडेर ल्याएको गणतन्त्र पनि उनलाई पानी चढेर कचपच्चिएको अमिलो सिन्की जस्तै लाग्छ । गणतन्त्र उनलाई जीवनको अभिशाप जस्तै लाग्छ । गणतन्त्रमा आफू लतारिएको जस्तो लाग्छ । मुर्मुरिन्छन्, तर यी सब सहनुको अर्को विकल्प थिएन । कमरेड्ली जीवन सम्झिँदै असक्त सरिर खुईय...गर्दै कोल्टो फेर्छन् । केही दिनपछि प्रवासमा बस्ने नेपालीहरुले पैसा उठाएर दुतावासको सहयोगमा घर फर्काइएका सित्तलले उनै अपाङ्गता भएकी वर्षाकै सहारा लिनुपर्ने भएको छ । सित्तल र वर्षा दुवैजना जीउँदा सहिद जस्तै असक्त र अपाङ्गता भएका छन् । गाउँभरी सन्सनी हल्ला छ, पाखागाउँको 'अन्तरे दमाईको सेते' घर फर्किएको छ ।

***-समकालीन साहित्यपोस्ट डटकम***


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा


व्यंग्य निबन्ध ● भोजराज अर्याल

# सर्वदलीय बैठक

यो रेडियो नफाल हो ! अब लम्फुप्रसाद दामी जान्नेबाट समाचार सुन्नुहोस् । शुरूमा मुख्य सँगै भुख्खा समाचार त्यसपछि सुख्खा समाचार ! अरू के के छ खै विचार ? खसीको मासु र च्युरा सँगै आलु र तामाको पिरो अचार । अर्बपति दलका खर्बपति नेता र उनका नाता गोताहरूको माग । आफ्नो घ्याम्पो जत्रो भुँडी भरिए सँगै सबैको भागाभाग ! हिजो बस्ने भनिएको सर्वदलीय बैठक झुक्किएर अस्ति पो बस्यो । शुरूमै सर्वदलीय बैठक भन्दा पाठकको पारो तात्ने डरले खर्ब दलिया नाम राखियो । "बेला न कुबेला किन यो बैठक डाकियो ?" बैठकमा एक जना अभागी नाम गरेका सहभागीले केरकार पारे । उनले खायोजकको धन्नैले बङ्गारा झारे ! उनले शुरूमै प्रश्नको पोको तेर्साउँदा बैठक बोलाउने दलको होसहवास उडेर गयो । त्यसपछि खै के भयो भयो ? करीब एक घण्टा जति समय खेरफाले पछि बल्ल माहौल अलि सेलाएर गयो । अब सुन्नुहोस्, पूरा समाचार ! त्यसपछि कुरा अलि धेरै नै हुनेछन् लगभग डोकाचार । गुदी कुरा अरू धेरै नै छन् बैठक त केवल देखाउने लोकाचार ।

बैठकको शुरूमै आयो-गयो तथा खायोजक दलका अड्कफसाद कोलीले आफ्नो कड्के बोली छड्के पाराले शुरू गर्नुभयो । उहाँले एउटा उखान हाल्नुभयो, र अगाडि भन्नुभयो, " एउटा दल थियो बेथेको साग जस्तै हलक्क बडेको मैले एउटा अरेली काँडाको छेस्कोले छोइदिएको फुस्स भुइँमा लडेको ।" यो कुरा सुनेर छेवैमा बसेका विपक्षी दलका नरभक्षी नेता खितित्त हाँसे । उनी थिए खामरेड खर्चन्ड ! नजिकै थिए गमक्क परेका गम खामरेड वर्षायाम । वर्षाले हर्ष परेका दाँत देखाउँदै हाँसे । अरू सबै थिए कोही आसेपासे कोही गाँसे । अब बोल्ने पालो जेउवा दाइको आयो । जब पालो आयो तब उहाँको गालो हाँसे झैं गऱ्यो । अनि अलि अलि तरल पदार्थ ओठबाट झुन्डेर भुइँमा झऱ्यो । रुमाल निकालेर पुछ्नुभयो अनि वाक्के छुट्यो । उता खेपी बाको अनारमा हाँसो फुट्यो । अर्ब खर्ब हुँदै घोटाला घुस, जुस लगायत चुस सबै कुरा भयो । कसैको त धन्नैले सातो नै गयो । कोलीबाले सबैको सातो बोलाउनुभयो । फुस्स कमल छुस्स बात छ भन्दै वाथ रुममा पस्नुभयो । फर्केर आउँदा धन्नै सिँढीबाट लडेर तल खस्नुभयो । बल्ल बल्ल बोली फुटेको फाइल खोल्ने कुराले होस नै छुटेको रहेछ । होइन भन्ने को रहेछ ? उता अर्का एक जना मुर्मुरेर बस्नु भएको थियो । उहाँको नाम दामरेड डाकुने थियो । उहाँ के हो कुन्नि जमातवादीका नेता रे कहिले यता रे कहिले उता रे । उहाँले "मेरो अपमान भयो वर्तमान अन्तरिक्षमा, म सधैं फेल हुने पार्टीको आन्तरिक परीक्षामा । "भन्नु भयो । उहाँले आफू खाहा सचिव भएको र पार्टी भड्खालोमा गएको स्वीकार गर्नुभयो । आफ्ना मन्तरीको पद खुस्केको धन्नैले आफ्नो बुद्धि फुस्केको कुरा उहाँले उराल्नुभयो । पद र पैसा हाताहाती पार्नुपर्ने कोलीबाको सेखी झार्नुपर्ने ठोकुवा गर्नुभयो । बाले जवाफ दिँदै भन्नु भयो, "तपाईं को पर्नुभयो ?" यो सुनेर छलनाथ छक्क पर्नुभयो । कालो मुख बनाउँदै बसेका दाउरामको बोल्ने पालो आयो । आफू नयाँ शक्ति भएको र भारतको भक्ति गाएको कुरा छुरा जस्तै राख्नुभयो । आफूले भाग नपाए खुलेर बोल्ने, सबै पोल खोल्ने सारा संसार डोल्ने कुरा ओकल्नुभयो । यसै बीच साना भुरे टाकुरे राजा जस्ता दललाई बल लगाएर मकै भुटे झैं भुट्ने कुरा भयो । नसके जहाँ भेट्यो त्यहीं कुट्ने कुरा पनि पारित गरियो । यो सुनेर पर्चन्न सर मुसुमुसु हाँस्नुभयो । खाउराम सर ख्याक्क खास्नुभयो । "हामीलाई लाइराछ, खान नपाउककंदा आफूलाई यता ज्वरो आइराछ ।" बैठक मुख्य विषयमा प्रवेश गऱ्यो । भागबन्डाको संस्कृति अब बढाउनुपर्ने कुरामा जोड दिने नमान्ने दलको सेखी तोड्दिने कुरा भयो । ताली पटटट् बज्यो । एकाएक सबैमा खुशी छायो । लाजदूत सिइओ धागो खाओ भागो मन्तरी जन्तरी सबैमा भागबन्डाको छुः मन्तरी हुने पक्का हैन छक्का हाने झैं भयो । सबैको कुरो मिले झैं भयो प्रचन्नजीको जुरो हिलेझैं भयो । जे होस् अस्तिको बैठगमा खुबै मस्ती नै भयो । अनि फेरि अड्क फसाद कोली बोलिहाल्नु भयो । मै हुँ भन्नेहरूलाई बुखानतिरको उखानले पोलिहाल्नु भयो । प्रचन्न सरलाई दाह्रा झरेको बाघ भन्नुभयो । यो सुनेर सबै खितित्त हाँसे क्या मजाले डाम्नुभयो ! प्रचन्नजीले आफ्ना दाँत छाम्नु भयो । कोलीसरले आफ्नो सरकार अरू जस्तो नभएको कुरा गर्नु भयो । बरु हलोमा अड्केको गोरु जस्तो भएको कुरा सुनाउनु भयो । सरकारमा अड्केर बस्ने रिस उठेमा पड्केर तल खस्ने कुरा बडा बुरा हिसाबले गर्नुभयो । जेउवा दाइ हाँसेर धन्नै पिसाब नै गर्नुभयो । एक जना सहभागीले सोधिहाले, "सरकारले अहिले के काम गर्दै छ ?" प्रेमले धर्म निभाउँदै जवाफ दिँदै विकास र सम्वृद्धिको बतासे फुल कोरल्दै गरेको कुरा सबै ठूला र भुरा दलको अगाडि राख्नुभयो । अलिकति मति नहुनेहरू पनि सहमतिमा नजिक पुगे । बैठकमा रु गुन्डा, नाइके, लुच्चा, लफङ्गा, लोभी, पापी, चोर, डाँकू तस्कर सबैको सुरक्षा सरकारले गर्ने कुरा अड्कफसाद कोलीले आश्वासन दिनुभयो । यो सुनेर सबैको मनमुहार चम्केको जून झैं उज्यालो हुने नै भयो । बैठकको अन्तमा फुस्स कमाल सर, जेउवा दाइको मुखमा हेरेर मुसुमुसु हाँस्नु भयो । फेरी उहाँसँग मिल्न सक्ने कुरा गर्नुभयो । कोलीबालाई एकै गाँसमा निल्नसक्ने कुरा सुनाउनु भयो । यो सुनेर अड्कफसाद रुनै मात्र हैन धन्नै बेहोस हुनै थाल्नुभयो । यो देखेर अरिष्ट 'खा' दक्ष विश्वर प्वांखरेलले बालाई काखमा हाल्नुभयो । हात समातेर सम्हाल्नु भयो । अन्त्यमा बैठक टुङ्गाउने कुरा भयो । तर आफू सबै बुङ्गा हुन नहुने कुरामा गतिसँगै मति मिल्यो । बैठकको नाम बदलेर अब बैठग हुने कुरा पनि भयो । ठग राखेमा नामसँग काम कुरो पनि मिल्ने कुरो भयो । तर यो कुराले कसलाई पो चिल्ने भयो । अर्ब दलीय नराखेर खर्ब दलीय नै राखिने भइयो । अर्को पटक सम्म सबै कुरा दलको गर्भभित्र नै राखिने भैयो । सर्व, अर्ब, गर्ब हुँदै खर्ब दलीय बैठग बस्ने सहमति भयो । यसैगरी सबै दलका एक एक हल नेता हलगोरु झैं नारिएर बाटैबाट गए । अर्को पटक यसरी नै भेटेर खर्ब दलीय बैठग गर्ने भए । दलबल सहित जुटेर देशको ढुकुटी लुटेर खाने कुरा भयो । खान जन्मेका खन्चुवाहरूको मनको इच्छा पूरा हुने भयो । आजको समाचार पूरै सकियो । अरू साना दलको कुरै सकियो । जो ठूलो चोर उसकै ठूलो स्वर । अड्कफसाद कोलीका दाहिने हात हुन् उनै प्वाँखरेल विश्वर । यिनीहरूले कसरी देश चलाउने होलान् हे ईश्वर ! खानेलाई खान कै तलतल देशलाई बनायौ रसातल । कति गर्छौ विश्वासघात अनि छल । यो रेडियो नफाल हो ! यस्सो नेता अब देशले नपाल भो ! यस्तो खेललाई बैठग भन्दा ऐ ठग भन्दा अझै ठीक हुने हो । होइन भन्ने को ..?

***-साहित्यपोस्ट डटकम***


## गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

भेषराज घिमिरे, प्रमुख प्रशासकीय अधिकृत
तारा थापा ढेंगा, उपाध्यक्ष
सरोजकुमार थापा, अध्यक्ष

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

## तानसेन नगरपालिकाको अनुरोध


- खानेपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

पिताम्बर पाण्डे, प्रमुख प्रशासकीय अधिकृत
प्रतिक्षा सिंजाली, उप-प्रमुख
सन्तोष लाल श्रेष्ठ, नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# लुम्बिनीका गाडीलाई हरियो प्लेटमा परिवर्तन गर्न परमादेश

**मर्चवार (लुम्बिनी),** चैत १३/ उच्च अदालत तुलसीपुर, बुटवल इजलासले लुम्बिनी विकास कोष मातहत रहेका विद्युतीय सवारीलाई हरियो नम्बर प्लेटमा परिवर्तन गरी सञ्चालन गर्न परमादेश जारी गरेको छ । न्यायाधीशद्वय राजेश्वर तिवारी र पुण्यशिला दवाडी घिमिरेको संयुक्त इजलासले लामो समयदेखि अलपत्र अवस्थामा रहेका ती सवारीसाधनलाई हरियो नम्बर प्लेटमा रूपान्तरण गरी पर्यटन प्रयोजनका लागि सञ्चालन गर्न परमादेश जारी गरेको हो ।



एसियाली विकास बैंकको 'ग्रिन इनर्जी फण्ड'बाट नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत विसं २०७८ मा लुम्बिनी बिकास कोषलाई पर्यटन प्रयोजनका लागि हस्तान्तरण भएका पाँच बस र १४ भ्यानसहित १९ विद्युतीय गाडीलाई सेतो नम्बर प्लेटबाट हरियो नम्बर प्लेटमा परिवर्तन गरी उद्देश्यअनुसार सञ्चालन गर्न उच्च अदालतले एक महिनाको समय सीमा तोकेको छ । 'सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को अनुसुची २ को भाग १ को खण्ड 'ख' बमोजिम सेतो नं. प्लेटमा भएका ती सवारी शाधनलाई हरियो नं. प्लेटमा परिवर्तन गर्न सकिने कानुनीमार्ग उपलब्ध रहिरहेको हुँदा सोही मार्ग अवलम्बन गरी प्रस्तुत आदेशको जानकारी प्राप्त गरेको मितिले एक महिनाभित्र उक्त सवारी साधनलाई हरियो नं. प्लेटमा परिवर्तन गरी पर्यटन प्रयोजनका लागि सञ्चालनमा ल्याउनु भनी विपक्षीको नाउमा परमादेश जारी हुनेछ', अदालतको आदेशमा लेखिएको छ । लुम्बिनी प्रदेश सरकार, यातायात ब्यवस्था मंत्रालय, लुम्बिनी बिकास कोष, लुम्बिनी, यातायात ब्यवस्था कार्यालय बुटवल र जिल्ला प्रशासन कार्यालय रुपन्देही समेतलाइ बिपक्षी बनाइ मधेश मानव अधिकार गृह (माहुरी होम)का तर्फबाट राम विकास चौधरी समेतले दायर गर्नु भएको रिट निबेदनमा अधिवक्ताद्वय रेशम अधिकारी र बाबुराम भुसालले निवेदकको पक्षमा बहस गरेका थिए । साथै विपक्षी कार्यालयहरूको तर्फबाट मुख्य महान्यायधिवक्ता यमलाल खनाल, वरिष्ठ अधिवक्ता लिलाधर मरासिनी, सहायक न्यायाधिवक्ता रमेश पोखरेल र अधिवक्ता पार्वती अधिकारीले बहस गरेका थिए । नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहमती, लुम्बिनी प्रदेश सरकारको निर्णय तथा सार्वजनिक लेखा समितिको निर्देशन अनुसार नम्बर प्लेट परिवर्तन गरिनुपर्ने भएपनि यातायात व्यवस्था कार्यालय, बुटवलले कार्यान्वयन नगरेका कारण ती सवारी लामो समयसम्म सञ्चालनमा आउन नसकेको लुम्बिनी बचाउ महाअभियानका संयोजकअकराम खाँले बताए । 'लुम्बिनी विकास कोषले २०७९ सालमै प्रतिवेदन तथा कार्यविधिको मस्यौदा तयार पारेको भए तापनि नम्बर प्लेट परिवर्तन नभएकाले कार्यान्वयन हुन सकेको थिएन', रिट निबेदक तथा लुम्बिनी बचाउ सैर्ष समितिका सदस्य मेघनाथ आचार्यले भने, 'परमादेशसँगै कोषलाई अब आवश्यक परिवर्तन गरी विद्युतीय बस तथा भ्यान सञ्चालन गर्न बाटो खुलेको छ ।' हाल कोषले दानपत्र सङ्कलनमार्फत दुईवटा बस सञ्चालन गरिरहेको छ । यो परमादेशले लुम्बिनीक्षेत्रका पर्यटकहरूको सुविधाका लागि विद्युतीय सवारीको व्यवस्थित सञ्चालनमा मार्ग प्रशस्त गरेको आचार्यले बताए । विसं २०७७ मङ्सिर ९ गते लुम्बिनीलाई प्रदूषणमुक्त बनाउन भन्दै एसियाली विकास बैंकको १३ करोड अनुदानमा १४ वटा विद्युतीय भ्यान र पाँच वटा विद्युतीय बस ल्याइएको थियो । सेतो प्लेटका गाडीलाई सरकारी कामबाहेक अन्य काममा प्रयोग गर्न पाइँदैन । सेतो प्लेटका सरकारी गाडीलाई हरियो वा अर्को कुनै नम्बर प्लेटमा परिवर्तन गर्न पाउने प्रावधान यातायात व्यवस्था ऐनमा नभएको भन्दै यातायात व्यवस्था विभाग बुटवलले नम्बर परिवर्तनको लागि अनुमति दिएको थिएन । एडिबीको अनुदान सहयोगमा क्लिन इनर्जी प्रोजेक्टअन्तर्गत १४ वटा विद्युतीय भ्यान, पाँच वटा बस, सौर्य ऊर्जा प्लान्ट र चार्जिङ स्टेशनसहित ३५ करोड लगानी भएको थियो । क्लिन इनर्जीले गाडी नेपाल ल्याउँदा मात्र भन्सार शुल्कमै रु आठ करोड बुझाएको थियो । वातानुकूलित, अपाङ्गतामैत्री र स्वचालित ढोका भएका ती बसमा १९ सिट र भ्यानमा पाँच सिट क्षमता रहेको छ । एक पटक पूरा चार्ज गरेपछि चार सय किलोमिटरसम्म गुड्न सक्ने ती बस/भ्यानमा कार्डबाटै भुक्तानी गर्न सकिने सुविधा छ । *-रासस*

## खेलकुद समाचार

### अर्जेन्टिना विश्वकपका लागि छनोट




**काठमाडौं,** चैत १३/अर्जेन्टिना फिफा विश्वकप-२०२६ का लागि छनोट भएको छ । दक्षिण अमेरिकी छनोटअन्तर्गत उरुग्वे र बोलिभियाबीचको खेल गोलरहित बराबरीमा सकिएपछि बुधबार बिहान ब्राजिलसँग खेल्नुअघि नै साविक विजेता अर्जेन्टिना विश्व कपका लागि छनोट भयो । त्यस्तै बुधबार भएको खेलमा अर्जेन्टिनाले ब्राजिललाई ४-१ गोलले हरायो । घरेलु मैदानमा अर्जेन्टिनाका जुलियन अल्भारेज, एन्जो फर्नान्डेज, एलेक्स म्याक्स एलेस्टर र जिलियन सिमिवनले गोल गरे । ब्राजिलका लागि म्याथुस चुन्हाले एक गोल फर्काए । दक्षिण अमेरिकाबाट विश्वकपका लागि छनोट हुने अर्जेन्टिना पहिलो टोली बनेको छ । शीर्ष स्थानको अर्जेन्टिनाको १४ खेलमा ३१ अङ्क छ । ब्राजिलको १४ खेलमा २१ अङ्क छ । ब्राजिल चौथो स्थानमा छ ।१० टोली रहेको दक्षिण अमेरिकी छनोटबाट शीर्ष छ वटा देश विश्वकपका लागि छनोट हुनेछन् । सातौं टोलीले प्ले अफको मौका पाउनेछ । छनोटका अन्य खेलमा भेनेजुएलाले पेरुलाई एक गोलले हराउँदा कोलम्बिया र पाराग्वेले दुई/दुई, चिली र इक्वेडर तथा बोलिभिया र उरुग्वेले गोलरहित बराबरी खेलेका छन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से सामान्य अङ्कले बढ्यो





**पाल्पा,** चैत १३/मंगलबार ५८ अङ्कले घटेको शेयर बजार बुधबार भने बढेको छ । शेयर बजार परिसूचक नेप्से ३९ दशमलव १३ अङ्कले बढेर २ हजार ६ सय २१ दशमलव ८६ विन्दुमा पुगेको छ ।

बुधबार सबै समूहको शेयर बढेकोमा जीवन बीमा र अन्य समूहको शेयर २ प्रतिशतभन्दा धेरैले उकालो लागेको छ । यस्तै फाइनान्स, होटल, जलविद्युत्, लगानी, निर्जीवन बीमा समूहको शेयर साढे १ प्रतिशतभन्दा धेरैले बढेको छ । बुधबार माउन्टेन हाइड्रो नेपाल, श्वेत-गङ्गा हाइड्रोपावर एन्ड कन्स्ट्रक्शन र मनकामना इन्जिनियरिङ हाइड्रोपावर कम्पनीको शेयर ५ प्रतिशतभन्दा धेरैले बढेको छ । समग्रमा बजार उकालो लागेको दिन उपकार लघुवित्त कम्पनीको शेयर सबैभन्दा धेरै ७ प्रतिशतले घटेको छ । नेप्से बढे पनि बुधबार कारोबार रकम भने घटेको छ ।

मंगलबार ५ अर्ब १८ करोडको शेयर कारोबार भएकोमा बुधबार ३ सय १७ वटा कम्पनीका ९१ लाख ४२ हजार कित्ता शेयर ४ अर्ब २० करोड रुपैयाँमा किनबेच भएको छ ।


# हार्दिक बधाई तथा शुभकामना



श्रीनगर यातायात सेवा कम्पनी प्रालिका सञ्चालक तथा साविक समितिका संस्थापक कोषाध्यक्ष **किरण कुमार चित्रकार** ज्यूले तानसेनको कला, संस्कृतिको उन्नयन, संरक्षण र सवर्द्धन (हास्य,जात्रा,लाखे,चलचित्र र कलाकारिता) मा पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको कदर गर्दै तानसेन नगर प्रज्ञा-प्रतिष्ठानद्वारा एक भव्य समारोहकाबिच सम्मानित हुनु भएकोमा **हार्दिक बधाई सहित थप सफलताको शुभकामना** व्यक्त गर्दै आगामी दिनमा पनि संस्कृति संरक्षणमा लाग्न थप उर्जा मिलोस् भन्ने कामना गर्दछौं ।

डिल बहादुर ढुंगाना
अध्यक्ष
एवं
**श्रीनगर यातायात सेवा कम्पनी प्रा.लि परिवार**
तानसेन, पाल्पा



# रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

- ➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- ➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- ➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- ➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- ➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- ➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- ➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| लक्ष्मण पाण्डे | मीना देवी गौतम | यदु ज्ञवाली |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारिक वेवसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई